# पदपूर्ति समिति
# गोरखा नगरपालिकाको कार्यालय
# डुम्रिडाँडा,गोरखा
## प्रतियोगितात्मक लिखित परीक्षाको सूचना
**सूचना नं. १/०७१-७२, मिति २०७२/०२/२५**

यस नगरपालिकामा नगर परिषदबाट स्वीकृत दरबन्दी भित्र रिक्त रहेका निम्नानुसारका पदहरुमा खुला प्रतियोगितात्मक लिखित परीक्षाद्वारा स्थायी पदपूर्ति गनुपर्ने भएकाले निम्न बमोजिमका योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आव्हान गरिन्छ ।

| क्र.सं. | वि.नं. | पदपूर्तिको किसिम | माग पद संख्या | पद | तह | परीक्षा मिति | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | प्रथम पत्र | द्वितीय पत्र |
| १. | १/०७१-७२ | खुला | १ (एक) | सिभिल ईन्जिनियर (प्राविधिक) | अधिकृत स्तर छैटौं | २०७२ श्रावण १५ दिनको १ बजे | २०७२ श्रावण १६ बिहानको ८ बजे |
| २. | २/०७१-७२ | खुला | १ (एक) | सव ईन्जिनियर (प्राविधिक) | सहायक स्तर पाँचौ | २०७२ श्रावण १५ दिनको ३ बजे | - |
| ३. | ३/०७१-७२ | खुला | १ (एक) | अमिन (प्राविधिक) | सहायक स्तर चौथो | २०७२ श्रावण १५ दिनको ३ बजे | - |
| ४. | ४/०७१-७२ | खुला | १ (एक) | सामाजिक परिचालक | सहायक स्तर चौथो | २०७२ श्रावण १५ दिनको १ बजे | २०७२ श्रावण १६ बिहानको ८ बजे |

परीक्षाको किसिम: माथि उल्लेखित सबै पदको लागि : लिखित र अन्तरवार्ता ।

परीक्षा केन्द्र: पदपूर्ति समिति, गोरखा नगरपालिकाको कार्यालयले तोके बमोजिम हुनेछ ।

परीक्षा दस्तुर: अधिकृत स्तर छैटौं तहको लागि रु ७०० (सात सय), सहायक स्तर पाँचौ तहको लागि रु ४०० (चार सय) र सहायक स्तर चौथो तहको लागि रु ३०० (तीन सय) दस्तुर लाग्नेछ ।

परीक्षामा प्रयोग गर्ने मसी: परीक्षार्थीले परीक्षा दिंदा उत्तरपुस्तिकामा कालो मसी मात्रै प्रयोग गर्नुपर्नेछ। अन्यथा परीक्षा रद्द हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

दरखास्त फारम: लोक सेवा आयोगले तोकेको ढाँचाअनुरुप भरेर पेश गर्नुपर्नेछ ।

दरखास्त दिने स्थान: गोरखा नगरपालिकाको कार्यालय, गोरखा ।
परीक्षा संचालन हुने दिन अगावै दरखास्त बुझाएको कार्यालयबाटै प्रवेशपत्र लिनुहुन सुचित गरिन्छ ।

दरखास्त दिने अन्तिम मिति: २०७२/०३/१३ गते सम्म र दोब्बर दस्तुर तिरी मिति २०७२/०३/२० गते सम्म । अन्तिम दिन सार्बजनिक विदा पर्न गएमा सो को भोलिपल्ट सम्म पेश गर्न सकिनेछ ।

अन्तरवार्ता हुने मिति: लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ ।

पदमा रही गर्नुपर्ने कामको विवरण: सम्बन्धित शाखा तथा पद नाम अनुसार ।

तलब: प्रचलित स्केल बमोजिम ।

सेवा सम्बन्धी मन्त्रालय: संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय ।

आवश्यक न्यूनतम शैक्षिक योग्यता:

अधिकृत स्तर छैटौं तह (सिभिल ईन्जिनियर) को लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरिङ विषयमा वि.ई. वा सो सरह उत्तीर्ण ।

सहायक स्तर पाँचौ तह (सब ईन्जिनियर) को लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरिङ विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण ।

सहायक स्तर चौथो तह (अमिन) का लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित बिषय लिई एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सर्भे वा जियोमेटिक्स विषयमा कम्तिमा १ वर्षको तालिम प्राप्त गरेको ।

सहायक स्तर चौथो तह (सामाजिक परिचालक) को लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण ।

<u>द्रष्टव्य:</u>

क) दरखास्त साथ शैक्षिक योग्यताको प्रमाणपत्रहरु (अ) लब्धांकपत्र आ) चारित्रिक प्रमाणपत्र) र नेपाली नागरिकताको प्रमाणपत्र समेतको प्रतिलिपि एवम् दरखास्त दस्तुर बुझाएको नगदी रसिद पेश गर्नुपर्नेछ । प्रमाणपत्रका प्रतिलिपिमा उम्मेदवार स्वयम्ले *सक्कल बमोजिम नक्कल ठीक छ* भनी दस्तखत गर्नु पर्नेछ ।

ख) दरखास्त दिने अन्तिम मिति सम्ममा सहायक स्तरका लागि १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र अधिकृत स्तरका लागि २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनु पर्नेछ । अपाङ्ग तथा महिलाको हकमा ४० बर्ष ननाघेको हुनुपर्नेछ । स्थानीय निकायमा कार्यरत बहालवाला स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन ।

ग) स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २१४ बमोजिम अयोग्य नभएको हुनुपर्नेछ ।

घ) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, तालिम, अनुभव तथा नोकरी अवधिको प्रयोजनका लागि गणना गरिने छैन ।

ङ) पदपूर्ति समितिद्वारा तोकिएको म्याद भित्र दाखिल नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

च) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारहरुकाले अन्तरवार्ता दिनु भन्दा अगावै शैक्षिक योग्यता तथा तालिम अनुभवको प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

छ) पाठ्यक्रम लोकसेवा आयोगले ति पदहरुको लागि निर्धारण गरेको पाठ्यक्रममा स्थानीय स्वायत्त शासन ऐन २०५५ तत्सम्बन्धी नियमावली २०५६ र स्थानीय निकाय आ.प्र. नियमावली २०६४ थप गरिएको छ ।

ज) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा ७ (सात) दिन अगावै पदपूर्ति समितिको सचिवालयमा सम्पर्क राख्नु पर्नेछ । अन्यथा सहयोगी लेखक उपलब्ध गराउन समिति बाध्य हुने छैन ।

झ) आ.व. ०६९/७० मा भरिएका माथि उल्लेखित दरखास्त फारमहरु यसै विज्ञापनमा कायम गरिएको छ । छुट्टै दस्तुर र फारम भर्नुपर्ने छैन । उक्त समयमा फारम भरि हाल उमेरको हद म्याद नाघेका उम्मेदवारहरुले भने परीक्षामा सहभागि हुन पाउने छैनन् ।

सदस्य सचिव
पदपूर्ति समिति